## नागरिक दैनिकमा मिति २०७४ पौष १२ मा प्रकाशित समाचार सम्बन्धमा प्रेश विज्ञप्ती

उक्त दैनिकमा मिति २०७४ पौष १२ मा प्रकाशित "हुलाक सेवा विभागमा गुण्डागर्दी, सेटिङ्गमा टेण्डर स्वीकृत" विषय राखी प्रकाशित समाचार प्रति यस विभागको गम्भीर ध्यानाकर्षण भएको छ । उक्त सम्बन्धमा देहाय अनुसार स्पष्ट गर्न चाहन्छु ।

हुलाक सेवा विभागले मिति २०७४।०८।०९ मा बारकोड स्क्यानर र लेबल प्रिन्टर खरिद गर्ने सम्बन्धमा सूचना प्रकाशित गरेको र उक्त बोलपत्र दर्ता गर्ने म्याद मिति २०७४।०९।११ गतेको १२:०० बजेसम्म रहेकोमा तोकिएको म्याद तथा समयमा एक वटा बोलपत्र दर्ता हुन आएको थियो । सूचनामा उल्लेखित समयावधिमा प्राप्त बोलपत्र दर्ता गरी समय समाप्त भए पश्चात दर्ता रजिष्टर बन्द गरिसकेको केही समय पश्चात बारकोड नेपाल नामको कम्पनी बोलपत्र दर्ता गर्न कार्यालयमा आएकोमा बोलपत्र दर्ता गर्न तोकिएको समय समाप्त भए पश्चात दर्ता भएको बोलपत्र खोली थप कारवाही हुने अवस्था कानुनमा व्यवस्था नभएकोले उक्त बोलपत्र दर्ता गर्न नसकिएको हो ।

बोलपत्र आव्हानको सूचनामा उल्लेखित ३१ दिनको अवधिमध्ये ३० दिनसम्म कुनै कम्पनी पनि बोलपत्र पेश गर्न नआएको, अन्तिम दिनको अन्तिम समयमा एक मात्र बोलपत्र परेकोले उक्त बोलपत्र नियमानुसार तोकिएको समयमा खोलिएको हो । बोलपत्रको प्राविधिक लगायतका पक्ष मूल्यांकन गर्न बाँकी छँदै टेण्डर स्वीकृत भनेर समाचार प्रकाशित हुनु आफैमा गलत छ ।

बोलपत्र पेश गर्न अवरोध भएको सम्बन्धमा कुनै कम्पनीले विभागमा समयभित्र जानकारी नगराएको र २०७४।०९।११ को १२:०० बजे पश्चात गेटमा केही होहल्ला भएको सुनिएकोले तत्काल प्रहरीलाई खबर गरिएको थियो । १२:०० बजे पश्चात केही व्यक्ति कार्यालय प्रमुखको कार्यकक्षमा गई गुनासो गरेको र उक्त समयमा कार्यालय प्रमुखले प्रहरीमा खबर गरिसकेको र त्यसको केही समयमा नेपाल प्रहरीको टिम विभाग परिसरमा आइसकेको हुँदा विभागले अवरोध खुलाउन प्रयास गरेन भन्नु पुर्वाग्रहपूर्ण देखिन्छ ।

तसर्थ उक्त घटनामा विभागको कुनै संलग्नता नभएको, सामाचारमा भनिएजस्तो कुनै सेटिङ्ग नभएको व्यहोरा अनुरोध गर्दछु । साथै आगामी दिनमा बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताहरूले समयमै बोलपत्र दर्ता गर्ने बानी बसाल्न, बोलपत्र दर्ता गर्न कुनै अवरोध भए समयमानै हुलाक सेवा विभाग वा अन्य सुरक्षा निकाय समक्ष खबर गर्न समेत यसै प्रेश विज्ञप्तीमार्फत अनुरोध गर्नछु ।

२०७४।०९।१८

प्र. महानिर्देशक